मधेश प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

जनकपुरधाम, नेपाल

# दरखास्त आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति २०८२/१२/२७

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरधामको रिक्त कार्यकारी निर्देशक पदमा खुल्ला प्रतियोगिताद्वारा नियुक्ति लागि उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्न देहायको योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र कार्यालय समयमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाममा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **उम्मेदवारको न्यूनतम योग्यता :-**

क. नेपाली नागरिक,

ख. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

ग. प्रशासन, विकास, व्यवस्थापन वा प्राज्ञिक क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको अनुभव प्राप्त,

घ. पैंतीस वर्ष उमेर पुरा भई साठी वर्ष ननाघेको,

ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

च. नियुक्त हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको।

२. **दरखास्तसाथ पेश गर्नु पर्ने कागजातहरु:-** दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण र २ प्रति पासपोर्ट साईजको फोटो संलग्न गरी उम्मेदवार स्वयमले प्रमाणित गरी यस कार्यालयमा दरखास्त दर्ता गराउनु पर्नेछ।

क) प्राप्त दरखास्तहरु मध्ये संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुलाई व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्तामा सहभागी गराईनेछ।

ख) निर्धारित मिति र समय भित्र प्राप्त हुन नआएको तथा रित नपुगेको दरखास्तहरु उपर कुनै कार्वाही गरिनेछैन।

ग) यो सूचना बमोजिम प्राप्त भएका दरखास्तहरु सिफारिस समितिले कारण उल्लेख गरी रद्द गर्न सक्नेछ।

घ) झुठा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

ङ) यस सम्बन्धी थप जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सम्पर्क गर्न सकिनेछ।